# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मितिः २०७५।०६।२३ गते

# प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको।

------------------------------------------------

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमतिका कर्मचारीले आर्थिक लाभ घुस रिसवत लिएर परीक्षामा फेल भएका एवं ट्रायल परीक्षा नदिएकै अवस्थामा समेत सवारी चालक अनुमतिपत्र जारी गर्छन भन्ने आयोगमा दर्ता हुन आएको उजुरी उपरको अनुसन्धानको सिलसिलामा यातायात व्यवस्था कार्यालय,सवारी चालक अनुमतिपत्र, बागमति एकान्तकुना र काठमाडौं ठूलोभर्याङ्ग कार्यालयबाट मिति २०७४।१०।१ गते देखि २०७४।११।२५ सम्म जारी भए गरेका B Category (कार, जिप, डेलीभरी भ्यान) वर्गको सवारी चालक अनुमतिपत्रका सम्बन्धमा गरिएको अनुसन्धानबाट उक्त अवधिमा २०८ वटा सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा परीक्षाको नतिजा फेरबदल एवं थपघट गरी गराइ २०४ वटा सवारी चालक अनुमतिपत्रहरु जारी गरिसकेको पाइएकोले तत्काल यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमति एकान्तकुनाका कार्यालय प्रमुख तेजनारायण यादव, शाखा अधिकृत इश्वरराज रेग्मी, मेकानिकल इन्जिनियर श्याम के.सी., शाखा अधिकृत भूपराज दाहाल, शाखा अधिकृत शिवप्रसाद सुवेदी, शाखा अधिकृत विष्णुप्रसाद सुवेदी, यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमति, ठूलोभर्याङ्ग काठमाडौं कार्यालयका शाखा अधिकृत शालिग्राम पौडेल, यातायात व्यवस्था विभागका कम्प्युटर अपरेटर लक्ष्मण तिवारीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ को कसुरमा सोही दफा १३ बमोजिम हदैसम्मको जरिवाना र कैद सजाय हुन र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमति, ठूलोभर्याङ्ग काठमाडौं कार्यालयका कम्प्युटर अपरेटर विज्ञान खड्की र एकान्तकुना ललितपुर कार्यालयका नायव सुब्बा लेखनाथ भूषाल उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ बमोजिम हुने सजायँमा सोही ऐनको दफा २२ बमोजिम हदै सम्मको कैद र जरिवाना हुन मागदावी लिइ आज सम्मानित विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता